भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०८/१९ गते आ.व.२०८२/०८३ को पाँचौ बैठकमा छलफलका प्रस्तावहरु/ऐजेण्डाहरु

प्रस्ताव/एजेण्डाहरुः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको चौथो बैठकको समीक्षा सम्बन्धमा ।

२. आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

३. ईलाका प्रहरी कार्यालय नारेश्वरटार भानु २ को ना १ झ १२५९ नम्बरको स्कार्पियो गाडी मर्मत सम्बन्धमा ।

४. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्धी गराउने प्रयोजनको लागि क्षेत्र तोक्ने सम्बन्धमा।

५. विविध विषयका सम्बन्धमा ।

आनन्द राज त्रिपाठी
प्रमुख

आज मिति २०८२ साल मंसिर १९ गते शुक्रबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को पाँचौ बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमायाँ तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०८/१९ गते बसेको आ.व.२०८२/०८३ को पाँचौ बैठकका प्रस्ताव तथा निर्णयहरुः

प्रस्तावः-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको चौथो बैठकको समीक्षा सम्बन्धमा ।

२. आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

३. ईलाका प्रहरी कार्यालय नारेश्वरटार भानु २ को ना १ झ १२५९ नम्बरको स्कार्पियो गाडी मर्मत सम्बन्धमा।

४. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्धी गराउने प्रयोजनको लागि क्षेत्र तोक्ने सम्बन्धमा।

५. विविध विषयका सम्बन्धमा ।

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८२/०८/२८ गते बसेको आ.व. २०८२/०८३ को चौथो कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठको निर्णय नं. २, ५, १० र ११को विविध विषयको निर्णय कार्यान्वयन चरणमा रहेको बाँकि निर्णय कार्यान्वय भएको पाइयो।

निर्णय नं.२ आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ लाई अझ परिमार्जन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३ इलाका प्रहरी कार्यालय नारेश्वरटार भानु २ को ना १ झ १२५९ नम्बरको स्कार्पियो गाडी मर्मतको लागि निवेदन पेश गरेकोले उक्त स्कार्पियो मर्मतको लागि रु.३०,०००। (अक्षेरुपी तीस हजार) प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.४ विविध विषयमा सम्बन्धमा ।

क) भूमिहिन समस्या समाधान आयोग जिल्ला समिति तनहुँले च.नं. ७०/१, मिति २०८२/०५/२० गतेको पत्रानुसार यस पालिका अन्तर्ग भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउने प्रयोजन अनुसार जग्गा नाप नक्सा तथा अन्य अफिसियल कार्यका लागि विभिन्न मसलन्द सामगीको माग भएको हुदाँ उक्त सामग्रीको लागि रु.३,००,०००। (अक्षेरुपी तीन लाग) उपलब्ध गराउने निर्णय गरियो ।

ख) भानु नगरपालिका भित्रका तपसिल बमोजिममा रहेका वडाँहरुमा विभिन्न प्रकृतीका रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्दराज त्रिपाठी
२०८२/०८/१९
आनन्द राज त्रिपाठी
प्रमुख

तपसिलः

| सि.नं. | वडा नं. | रुखको प्रकृती | कैफियत |
|---|---|---|---|
| १. | ५ | सत्यदेवी मन्दिर परिसरमा रहेको कुकाठ सिसौ लगायतका वरिपरिका कुकाठ र कोटकालिका मन्दिर जाने मोटर मार्ग र मैबल प्रा.वि. नजिक रहेको पुरानो पिपलको रुख कटान । | |
| २. | ६ | ढलेको बगैंचाको सार्वजनिक स्थलको आँपको रुख ढलेको हुदाँ उक्त रुखको व्यवस्थापन गर्ने । | |
| ३. | ७ | मुलाबारी टोल स्थित फातीमा मुस्लिम महिला समूहको अधुरो भवनमा रहेको बर पिपलको रुखको हाँगाहरु कटान । | |
| ४. | १ | ग्रिनपार्क स्थित स्वामीको रुख र त्यहाँ रहेको निकै बुढो र ढलेका कु-काठ रुखहरु कटान। | |

ग) भानु नगरपालिका वडा नं.३ को वडा कार्यालयको वडा व्यवस्थापन तथा विविध शीर्षकको रु.३,५०,०००।- (अक्षेरुपी तीन लाख पचास हाजार) शीर्षकबाट तिज, दशैं, तिहार तथा छठ उपहार योजना कार्यक्रमको लागि रु.५०,०००।- (अक्षेरुपी पचास हजार) र सिम्ले तामाङ आमा समूहद्वारा आयोजना गरिएको ३ महिने पुरुष तथा महिला मणिपा प्रशिक्षण शिविरको लागि रु.५०,०००।- (अक्षेरुपी पचास हजार) छुटयाउने निर्णय गरियो ।

घ) तपसिल बमोजिमका बजेट, योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तरबाट विनियोजनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| वडा नं. | योजना तथा कार्यक्रमको नाम | बजेट | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १२ | कोटगाऊ खानेपानी अधुरो भानु १२ | १,००,०००।- | कोटगाऊ खानेपानी योजना | २,००,०००।- | |
| १२ | पीपल थोक आमा समूह भवन | ४,००,०००।- | पीपल थोक आमा समूह भवन | ३,००,०००।- | |
| १२ | मिर्लुङ पर्यटन मार्ग | ५,००,०००।- | चन्द्रावती मिर्लुङकोट पर्यटन मार्ग | ४,५०,०००।- | |
| ७ | भाट्टारी हेल्थपोष्ट मोटर मार्ग र हेल्थ पोष्टदेखि भाट्टारी मोटर मार्ग | ७,००,०००।- र ६,००,०००।- | हेल्थ पोष्टदेखि भाट्टारी मोटर मार्ग स्तोरन्नती | १३,००,०००।- | |
| १३ | बन्कट्ट बाँके पक्कि सिडी निर्माण र सिडी मोटर मार्ग सम्जुर | १,००,०००।- र ३,००,०००। | बन्कट्ट बाँके पक्कि सिडी निर्माण | ४,००,०००।- | |

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

ङ) भानु नगरपालिका वडा नं.१ निवासी कृष्ण कुमार श्रेष्ठको नाममा रहेको साविक दोरदोर नक्सा सि.नं.५/घ कित्ता नं.६०७ क्षेत्रफल क्षेत्रफल १-९-३-० मध्येबाट ०-९-०-० र कमली कान्त भट्टराईको नाममा रहेको साविक दोरदोर सि.नं.५/घ कित्ता नं.६१६ क्षेत्रफल ३-१५-३-२ मध्येबाट ०-४-१-० जग्गा निः शुल्क दिन कृष्ण कुमार श्रेष्ठ र कमली कान्त भट्टराई दुवै ईच्छुक भएकोले नगरपालिकाको नाममा उल्लेखित जग्गा धनि प्रमाण पुर्जा कायम गर्न मालपोत कार्यालयमा लेखी पठाउने निर्णय गरियो । साथै उक्त जग्गा संघीय शहरी विकास आयोजनाको कार्यालय कास्कीलाई पुर्वाधार निर्माण तथा भवन निर्माणको लागि आवश्यक बजेट विनियोजनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

च) थानीमाई मन्दिरको तस्वीरलाई सूचना विभागद्वारा प्रकाशन गरिने आगामी वर्षको क्यालेण्डरमा समावेश गर्नका लागि सम्माननीय राष्ट्रपति ज्यू समक्ष तथा सूचना विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

छ) थानीमाई मन्दिर तथा थानीमाई क्षेत्रको वृहत्तर हित, पर्यटन पूर्वाधार निर्माण तथा समग्र विकासका लागि अध्ययन गरि प्रतिवेदन सहित सिफारिस गर्न देहाय बमोजिमको थानीमाई विकास अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

- संयोजक - श्री खुम प्रसाद श्रेष्ठ, ७ नं. वडा अध्यक्ष
- सदस्य - श्री सुनिल पाण्डे, वरिष्ठ प्रशासकीय अधिकृत
- सदस्य - श्री विपिन श्रेष्ठ, ईन्जिनियर

ज) लामो समय देखि भानु नगरपालिकामा इन्जिनियर (अधिकृत स्तर नवौं तह) पद रिक्तरही पूर्वाधार सम्बन्धी कार्य गर्न कठिनाई भएको सन्दर्भमा पूर्वाधार सम्बन्धी कार्य गर्ने गराउने प्रयोजनका लागि इन्जिनियर (छैठौं तह) को विज्ञापन गरि करार सेवामा पदपूर्ती गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिका वडा नं.७ स्थित प्रसिद्ध थानीमाई मन्दिरमा भक्तजनहरुको आवागमनमा निकै वृद्धि भएको र भक्तजन र जनसमुदायको पनि थानीथान मोटर मार्गको सम्बन्धमा गुनासो रही आएको साथै भानु नगरपालिकाको पर्यटकीय क्षेत्रको रुपमा समेत थानीमाईलाई स्थापित गर्नको लागि थानीमाई मन्दिर सम्म पुग्ने तपसिलका मोटर मार्गलाई पक्की मोटर मार्ग निर्माण, वसपार्क र व्यवस्थित शौचालंयको निर्माणको लागि सम्माननीय राष्ट्रपति ज्यू, सम्माननीय प्रधानमन्त्री ज्यू, संघीय भौतिक पूर्वाधार मन्त्रालय, शहरी विकास मन्त्रालय, गण्डकी प्रदेश मुख्यमन्त्री एवम् गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालयलाई समेत उक्त मोटर मार्ग थानीमाई मन्दिर सम्म स्तरोन्नती (कालो पत्र समेत ) का लागि आगामी योजनामा समावेश गर्नेको लागि अनुरोध गर्ने निर्णय गरियो ।



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी

तपसिलः

- चुँदी कुमाल गाउँ खातीथोक हुदै सानी थानीमाई अर्चले भञ्जायङ्ग हुदै थानीमाइ मोटर मार्ग
- बाइसजागर हुदैं गोडेपानी तेरतेर गाउँ कुडापानी हुदैं मूलाबारी भञ्याङ थानीको थान।
- चितीखोला लौडारी भञ्जयाङ्ग मूलाबारी भञ्याङ्ग हुदैं थानीको थान मोटर मार्ग।
- पाँचसय फाँट लौराक हुदैं थानीको थान मोटर मार्ग ।
- भानु मार्ग पोल्याङ्ग हुदैं थानीकोथान मोटर मार्ग ।
- टुहुरेपसलै हुदैं थानीको थान मोटर मार्ग ।
- चन्द्रावती गैरी गाउँ हुदैं थानीको थान मोटर मार्ग ।
- दुधेकुना चोक मैदान हुदै लामोस्वारा अर्चले भञ्याङ थानीको थान ।

ञ) भानु नगरपालिका नगरकार्यपालिका र पश्चिम बंगालको दार्जिलिङ जिल्लाको दार्जलिङ नगरपालिका बिच धार्मिक, भाषिक, सांस्कृतिक सम्बन्ध विस्तारको लागि दुवै नगरपालिका बिच भगिनि सम्बन्ध कायम गर्ने निर्णय गरियो ।

ट) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) द्वारा २०८२ सालको 'विज्ञान तथा' प्रविधि युवा पुरस्कार' बाट भानु नगरपालिका वडा नं. ९ निवासी श्री विपिन्द्र पाण्डेज्यूलाई राष्ट्रिय सम्मान गरिएको विषयले यस नगरपालिकाको गौरव र प्रतिष्ठालाई उच्चो बनाएको छ। उहाँले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडामा अनुसन्धान र अध्यापनका माध्यमबाट विज्ञान तथा प्रविधिको क्षेत्रमा गर्नुभएको अतुलनीय योगदान राष्ट्रकै लागि प्रेरणाको स्रोत हो! तसर्थ, श्री विपिन्द्र पाण्डेज्यूले विज्ञान तथा प्रविधि युवा पुरस्कार २०८२ जस्तो गरिमामय राष्ट्रिय सम्मान प्राप्त गरी भानु नगरपालिकाको नाम र पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्न पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको उच्च मूल्याङ्कन गर्दै, युवा वैज्ञानिक श्री विपिन्द्र पाण्डेज्यूलाई उहाँको सफल अनुसन्धान यात्रा, मेधावी प्रतिभा र विज्ञान प्रतिको अथक समर्पणको कदर गर्दै, यस कार्यपालिकाको तर्फबाट हार्दिक बधाई तथा सफल भविष्यको लागि शुभकामना ज्ञापन गर्ने साथै उहाँले नगरपालिकाको शान र प्रतिष्ठा उचो बनाउन पुऱ्याउनु भएको अनुकरणीय योगदानको कदर गर्दै, भविष्यमा युवा वैज्ञानिक विपिन्द्र पाण्डेलाई एक विशेष समारोहका बीच नगरपालिकाको तर्फबाट उचित उच्च सम्मान सहित कदरपत्र प्रदान गर्ने निर्णय गरियो।

ठ) नेपाल सरकार खानेपानी मन्त्रालयबाट आ.ब. ०८२/०८३ मा भानु नगरपालिका वडा नं. ४ मा "भानु साहित्य उद्यान लिफ्ट खानेपानी आयोजना भानु न.पा. ४, तनहुँ" शिर्षकमा विनियोजित रकम रु ३ करोड LMBS Code ११.४.१६.१०६५७ को आयोजनाले भानु नगरपालिका वडा नं. ४ स्थित खातीथोक, तामाकोटलाई समेत उक्त खानेपानीको योजना समेटिने गरि आयोजना सञ्चालनको लागि खानेपानी तथा ढल व्यवस्थापन कार्यालय लम्जुङ्गलाई अनुरोध गर्ने निर्णय गरियो।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

ड) सहनशिल आमा समूह ठाटीपाटिलाई रु १०,०००/- अक्षेरुपी दश हजार रुपैंया बराबरको कुर्ची खरिद गरि हस्तानतरण गर्ने निर्णय गरियो।

ढ) भानु नगरपालिका वडा नं.३ को वडा कार्यालयको रगंरोगन तथा माथिल्लो तलामा पार्टेशन (कोठा) निर्माणको लागि प्राविधिक लागत इस्टीमेट एवं मूल्याङ्कन बमोजिम वडा कार्यालयद्धारा गत आ.व.मा विनियोजित अलेअ गरि ल्याएको रकमबाट अपुग रकम रु.३०,०००/-नगर स्तरीय संकेत नं. ५१२.२२.१.९५ को गत आ.व.को छुटपुट शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ण) भानु न.पा. ३ स्थित दोरदोर कोटकालिका पर्यटन पार्क र विश्वकर्मा मन्दिर समुद्धघाटनको लागि शिलालेख निर्माणको लागि रु.२०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

त) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि निम्न स्थानहरुलाई शहर उन्मुख क्षेत्र र बाँकी रहेको १३ वटै वडाको क्षेत्रलाई ग्रामीण क्षेत्र तोक्नको लागि १३ वटै वडाको वडा समिति र वडा सहजिकरण समितिको निर्णय बमोजिम आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

<u>डुम्रे बेसिशहर राजमार्ग (सडक केन्द्रबाट दायाँ बायाँ ५०० मिटर)</u>

- डुम्रे पुलदेखि भानु वडा नं.१ रमाइलो डाँडाँ घुम्ती खोल्सा सम्म ।
- भानु वडा नं.१ मोरेबाटो घुम्ती खोल्सादेखि भानु वडा नं.३ रिङ्गिखोला सम्म ।
- भानु वडा नं.३ श्री नव बुद्ध ढुकुर्दी समाज भवन चोकदेखि फाउदी खोला सम्म ।
- भानु वडा नं.८ धारापानी खोल्सादेखि चितिखोला सम्म ।
- भानु वडा नं. १० कालिमाटी नगरअस्पताल जाने चोकदेखि पाउदी खोला सम्म ।

<u>भानु मार्ग (सडक केन्द्रबाट दायाँ बायाँ ३०० मिटर)</u>

- भन्सार प्रहरी विटदेखि भानु चोक सम्म ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी